प्र.प्र. अधिकृतलाई
सूचना टांस

सम्पर्क नं
९८५६०४०८३३
९८५६०६०८६२

अन्धा अन्धी सामुदायिक विकास केन्द्र

पुतलीबजार नगरपालिका १, प्रगतिनगर स्याङ्जा

कर्मचारी आवश्यकता सम्बन्धी सूचना

प्रकाशित मिति : २०७६।०८।०५ गते

नेपाल सरकार र स्वीट्जरल्याण्ड सरकार बीच भएको सम्झौता अनुसार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमार्फत स्याङ्जा जिल्लामा सुरक्षित आप्रवासन परियोजना(Safer Migration Program), हेल्भेटास नेपालको प्राविधिक सहयोगमा सञ्चालन हुने कार्यक्रम अन्तरर्गत पुतलीबजार, वालिङ गल्याङ नगरपालिका र हरिनास गाउँपालिकामा समुदाय सचेतीकरणका कार्यक्रमहरु, मनोसामाजिक परामर्श र वित्तीय साक्षरता सम्बन्धी कार्यक्रमहरु सञ्चालनमा सहयोग पुऱ्याउनका लागि अन्धा अन्धी सामुदायिक विकास केन्द्र, स्याङ्जालाई निम्नानुसारको जनशक्तिको आवश्यकता रहेको हुनाले अनुभवी नेपाली नागरिकहरुबाट तल उल्लेखित पदहरुका लागि दरखास्त आव्हान गरिएको छ ।

१. सूचना तथा परामर्शकर्ता २ जना पुतलिबजार नगरपालिका (एक जना महिला अनिवार्य)

आवश्यक योग्यता तथा अनुभव : न्यूनतम प्रविणता प्रमाणपत्रतह वा १०+२ उत्तिर्ण गरी मनोसामाजिक परामर्श कार्यमा २ वर्षको कार्यानुभव वा सो सम्बन्धी आधारभूत तालिम लिएको वा परामर्श सम्बन्धी १ वर्षको अनुभव रहेको र सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ ।

उमेरको हद : उमेरको हद : २१ वर्ष देखी ५० वर्ष सम्मको ।

१.पद : मनोसामाजिक परामर्शकर्ता ४ जना (प्रत्येक पालिकामा १/१ जना)

आवश्यक योग्यता तथा अनुभव : न्यूनतम प्रविणता प्रमाणपत्रतह वा १०+२ उत्तिर्ण गरी मनोसामाजिक परामर्श कार्यमा २ वर्षको कार्यानुभव वा सो सम्बन्धी आधारभूत तालिम लिएको वा परामर्श सम्बन्धी १ वर्षको अनुभव रहेको र सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ ।

उमेरको हद : २१ वर्ष देखी ५० वर्ष सम्मको । चार जना परामर्शकर्ता मध्ये कम्तिमा तीन जना महिला हुनु पर्नेछ ।

२. पद : बित्तिय साक्षरता सहजकर्ता ४ जना (प्रत्येक पालिकामा १/१ जना)

आवश्यक योग्यता तथा अनुभव: न्यूनतम प्रविणता प्रमाणपत्र तह वा १०+२ उत्तिर्ण, वित्तिय सस्था, सहकारी, उद्यमशिलता विकास तथा सामाजिक परिचालनको क्षेत्रमा कम्तिमा २ वर्षको अनुभवभएको, सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ ।

उमेरको हद : कामको प्रकृति र गाम्भीर्यतालाई मध्येनजर गर्दै २५ वर्ष भन्दा माथीका उमेर समुहलाई प्राथमिकता दिईने छ । चार जना सहजकर्ता मध्ये कम्तिमा तीन जना महिला हुनु पर्नेछ ।

उमेरको हद : कामको प्रकृति र गाम्भीर्यतालाई मध्येनजर गर्दै २५ वर्ष भन्दा माथिका महिलालाई प्राथमिकता दिईनेछ

३ पद : रिटर्नी स्वयंसेवक, १२ जना (प्रत्येक पालिकामा ३/३ जना)

आवश्यक योग्यता तथा अनुभव : न्यूनतम कक्षा ८ पास गरी वैदेशिक रोजगार (खाडी मुलुक वा मलेसिया) मा गई कम्तीमा १ वर्ष काम गरेको अनुभव भएको । सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ ।

कार्य अवधिः हाललाई १५ जुलाई २०२० सम्म, कार्यक्रमको आवश्यकता तथा कार्य सम्पादनअनुसार नवीकरण हुन सक्ने ।

तलव तथा अन्य सुविधा : कार्यक्रमको नियमानुसार ।

आवश्यक कागजातहरु :
माथि उल्लेखित योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले नेपाली नागरिकताको फोटोकपी, अनुभवको प्रमाणपत्र कम्तीमा पनि २ जना सन्दर्भ व्यक्तिहरुको नाम र सम्पर्क फोन नम्वर सहितको व्यक्तिगत विवरण तथा शैक्षिक योग्यताको प्रमाणपत्रको फोटोकपी सहित आफुले आवेदन गर्न चाहेको पद प्रष्ट रुपमा खुलाएको निवेदन ।

दरखास्त दिने स्थानः
अन्धा अन्धी सामुदायिक विकास केन्द्र पुतलीबजार नगरपालिका १, प्रगतिनगर, स्याङ्जामा पेश गर्नु पर्नेछ । निर्धारित समय भन्दा पछि आएका आवेदनहरुको मूल्यांकन गरिने छैन ।

दरखास्त दस्तुरः रु ५००। लाग्ने छ । रिटर्नी स्वयंसेवकका पदका लागि कुनै पनि दस्तुर नलाग्ने

छनौट प्रक्रिया
प्रारम्भिक छनौटमा परेका उम्मेदवारहरुलाई मात्र लिखित, मौखिक तथा प्रस्तुतीकरणको प्रक्रियामा समावेश गरिने छ । संस्थाका निर्णय नै अन्तिम निर्णय हुनेछ । अवसरबाट बञ्चितिकरणमा परेका समुदायहरु खासगरी, महिला, दलित, जनजाती, मधेशी तथा अल्पसंख्यक वर्गका उम्मेदवारहरुको समावेशीकरणको लागि सकारात्मक विभेदको प्रकृया अवलम्बन गरिनेछ ।
सम्वन्धीत पालिकाको स्थानीयवासीलाई सम्वन्धीत पालिकाको लागि प्राथामिकता दिईनेछ ।

दरखास्त दिने अन्तिम मिति : यो सूचना प्रकासित भएको मितीले पन्ध्र दिनभित्र ।

विस्तृत जानकारीको लागि सम्पर्क ठेगानाः सम्वन्धीत नगरपालिका र गाउँपालिकाको कार्यालय वा अन्धा अन्धी सामुदायिक विकास केद्र, पुतलीबजार नगरपालिका १ प्रगति नगर, स्याङ्जा

अन्धा अन्धी सामुदायिक विकास केन्द्र * स्याङ्जा